नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक

# कारोबार

वर्ष १७, अंक १२३ । राष्ट्रिय संस्करण । नेपाल संवत् ११४६ । बुधबार, २३ वैशाख २०८३ । WEDNESDAY, 6 MAY 2026 । पृष्ठ ८ । मूल्य १० रुपैयाँ karobar

# सिईडिबि होल्डिङ्ग्स लिमिटेड

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति वैशाख २३, २०८३**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति वैशाख २२, २०८३ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफैं उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिन हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौं ।

**१. सभा हुने मिति, समय र स्थान :**

मिति : जेष्ठ १४, २०८३ (मे २८, २०२६)
समय : विहानको ९:०० बजे, बिहिबार
स्थान : अनमोल ब्याङ्क्वेट, शंखमुल, काठमाण्डौ ।

**२. छलफलको विषय :**

१. **साधारण प्रस्तावहरु**

क) संचालक समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

ग) आ.व. २०८२/८३ को लागि लेखा परिक्षक नियुक्त गर्ने तथा तिजको पारिश्रमिक निर्धारण गर्ने ।

२. **विशेष प्रस्तावहरु**

क) हकप्रद शेयर पुनः अनुमोदन गर्ने ।

ख) कम्पनीको जारी पूँजी हेरफेर गरी प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

ग) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. **विविध**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान ८ बजे देखि खुल्ला रहने छ ।

२. लेखा परिक्षण प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन लगायतका कागजातहरु निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय त्रिपुरेश्वर मा सम्पर्क राख्न सकिनेछ ।

३. वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति बैशाख ३०, २०८३ गते एक दिनका लागि बन्द रहने छ । शेयरधनी पुस्तीका बन्द भएको अघिल्लो दिन मिति बैशाख २९, २०८३ सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।

४. संगठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनुपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रोक्सी कम्पनीको शेयरधनी हुनुपर्नेछ ।

५. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) फारम भरी सभा हुनु भन्दा दुई (२) दिन अगावै अर्थात मिति जेष्ठ १२, २०८३ दिउँसो ४:०० बजे भित्र यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई (शेयर विभाजन नहुने गरी) प्रोक्सी नियुक्त गर्नु पर्दछ । शेयर विभाजन गरेर दिइएको प्रोक्सी स्वतः बदर हुनेछ । एकै शेयरधनीले एक भन्दा बढी प्रोक्सी नियुक्त गरेको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुने छ । त्यसपछि आउने प्रोक्सी स्वतः बदर वा अमान्य हुनेछ । तर पहिले दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनी नियुक्त गरेमा अघिल्लो प्रतिनिधि (प्रोक्सी) बदर भई पछिल्लो प्रतिनिधि (प्रोक्सी) मान्य हुनेछ ।

७. संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरलगत किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनी वा सर्वसम्मत् बाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ ।

८. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न र प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

९. शेयरधनी महानुभावहरु सभास्थलमा आउँदा झोला तथा अन्य वस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । साथै सुरक्षाकर्मीबाट आवश्यक जाँच हुन सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन विनम्र अनुरोध गरिन्छ ।

१०. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

११. आफ्नो परिचय पत्र (सरकारी कार्यालयबाट जारी भएको) वा शेयर अभौतिकीकरण गरेको व्यक्ति नै देखिने हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरेपछि मात्र सभा स्थल भित्र प्रवेश गर्न पाइनेछ ।

१२. साधारण सभामा प्रस्तुत गरिएका प्रस्तावहरुमा आफ्नो राय तथा सुझावहरु दिन चाहनु हुने शेयरधनीहरुले मिति जेष्ठ १३, २०८३ दिउँसोको २:०० बजे सम्ममा आफ्नो राय तथा सुझावहरु लिखित रुपमा उपलब्ध गराउनुपर्ने छ । लिखित रुपमा राय तथा सुझावहरु उपलब्ध गराउने शेयरधनीहरुले मात्र उक्त सभामा आफ्नो राय तथा सुझावहरु राख्न पाउनेछन् ।

**संचालक समितिको आज्ञाले**

(कम्पनी सचिव)